नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई

# जिल्ला आयोजना कार्यान्वयन इकाई

(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
तानसेन, पाल्पा ।

प.सं.: २०७७/०७८
च.नं.: ८७६

मिति : २०७८/०३/२०

**विषय: निजी आवास पुनर्निर्माण सम्वन्धी निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री पाल्पा जिल्ला स्थित सम्पुर्ण स्थानिय तहहरु,

पाल्पा ।

प्रस्तुत विषयमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार) को च.नं. ५१२ मिति २०७८/०३/१८ को पत्रबाट **विविध कारणवस हाल सम्म अनुदान संझौता गर्न नसकेका वा अनुदान किस्ता लिन नसकेका लाभग्राहीहरु र प्राविधिक खटिनुपुर्व वा प्राविधिक खटिए पश्चात स्व- निर्माण सम्पन्न गरेका लाभग्राहीहरुको लागि** किस्ता सिफारिस प्रयोजनको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १४६ औं बैठकको निर्णयको छाँया प्रति यसै पत्र साथ संलग्न गरि पठाईएको छ । अतः पत्र प्राप्त भएपछि त्यस नगरपालिका/गाउँपालिका अर्न्तगत रहेका वडा कार्यालयहरु, पुनर्निर्माण प्राधिकरणका प्राविधिक कर्मचारीहरु र भुकम्प प्रभावित निजी आवास पुनर्निर्माण तथा प्रवलीकरण लाभग्राहीहरुलाई आवश्यक जानकारी तथा सहजीकरण गरिदिनुहुन अनुरोध गरिन्छ ।

**बोधार्थ:**
१. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट खटिएका प्राविधिक कर्मचारीहरु

.............................
(अनन्त सुनार)
नि.आयोजना प्रमुख

नि.आयोजना प्रमुख

Contact No.:075-521407, email:dlpiugmalipalpa@gmail.com,
website:www.dlpiugmalipalpa.gov.np

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १४६औं बैठकको निर्णयहरु

**स्थान** : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतको कार्यकक्ष, सिंहदरवार ।

**मिति** : २०७८-०३-१७ गते बिहिवार ।

**समय** : विहान ९:०० बजे ।

**निर्णय नं.१**

मिति २०७८/०३/१० मा बसेको निर्देशक समितिको १९औं बैठकबाट निजी आवास पुनर्निर्माण तथा प्रवलीकरणका बाँकी लाभग्राहीहरुले अन्तिम किस्ता रकम लिनका लागि २०७८ कात्तिक मसान्त सम्म सम्बन्धित वडा कार्यालयहरुमा निवेदन दिईसक्नु पर्ने गरी समयसीमा निधारण गर्ने निर्णय गरे अनुसार निजी आवास अनुदानका अन्य किस्ताहरु तपशिल अनुसार दिने निर्णय गरियो:

(क) विविध कारणवश हालसम्म अनुदान संझौता गर्न नसकेका वा अनुदानका किस्ता लिन नसकेकाहरुको यकिन गरी कारण सहितको सिफारिश सम्बन्धीत स्थानीय तहबाट लिई २०७८ कात्तिक मसान्त भित्र तेस्रो किस्ता लिनका लागि निवेदन दिई सक्ने संलग्न अनुसूची १ अनुसारको कबुलियतनामा गराई जिल्ला सहजीकरण समितिको निर्णय अनुसार अनुदान संझौता गराउने र बाँकी किस्ता भुक्तानी गर्ने ।यसरी निर्णय गरिएकाहरुको अभिलेख जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले हरेक १५/१५ दिनमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) र प्राधिकरणमा पठाउने ।

(ख) विविध कारणवश हालसम्म जग्गा खरिद गर्न नसकी पुनर्निर्माण गर्न नसकेका भूमिहिन वा जोखिम वस्तीका लाभग्राही कायम भएकाहरुलाई २०७८ भाद्र मसान्त सम्म जग्गा खरिदको कार्य सम्पन्न गरी निजी आवास अनुदानको किस्ताहरु भुक्तानी गर्ने ।

नि. सचिव

## अनुसूची १

### *प्राधिकरणबाट तोकिएको समयसिमामा घर पुनर्निर्माण सम्पन्न गर्ने कबूलियतनामा*

मिति : २०७८/........./........

श्रीमान् वडा अध्यक्ष ज्यू,

........................................... गाउँ/नगरपालिका,

वडा नं........, ....................................

................................।

**बिषय : कबुलियतनामा सम्बन्धमा ।**

............................ जिल्ला ................................................ नगरपालिका/गाउँपालिका,वडा नं , गाउँ/टोल............................ बस्ने म ..............................................(अनुदान सम्झौता नं. .......................................................) ले .......................................................................................................... कारणले गर्दा हालसम्म अनुदान संझौता गर्न नसकेको/ निजी आवास पुनर्निर्माण अनुदानको पहिलो वा दोस्रो किस्ता लिन सकेको छैन । हाल म प्राधिकरणले तोकेको मापदण्ड र समयसिमा अनुसार पुनर्निर्माण गर्न मञ्जुर रहेकाले अनुदान संझौता गर्न/ निजी आवास पुनर्निर्माण अनुदानको पहिलो वा दोस्रो किस्ता लिन पाउँ भनि यो कबुलियतनामा गर्दछु ।

हस्ताक्षर : ..................................................

लाभाग्राहीको नाम थर : ..................................................

अनुदान सम्झौता नं. : ..................................................

नागरिकता प्रमाणपत्र नं : ..........................................................

मोबाइल नं. : ..................................................

---

**सिफारिशकर्ता (सम्बन्धित वडा अध्यक्ष):**

हस्ताक्षर : ......................................

नाम थर : ......................................

पद : ......................................

मिति : ०७८/ /

नि.सचिव

निर्णय नं. २

मिति २०७८/०३/१० मा बसेको निर्देशक समितिको १९ औं बैठकबाट निजी आवास पुनर्निर्माण तथा प्रवलीकरण लाभग्राहीमा सूचीकृत भएका प्राविधिक खटिनूपूर्व वा प्राविधिक खटिए पश्चात स्व- निर्माण सम्पन्न गरेका, तर प्राधिकरणले तोकेको निजी आवास पुनर्निर्माण एवं प्रवलीकरणको मापदण्ड पुरा नगरेका कारण अनुदानको बाँकी किस्ता रकम पाउनबाट बञ्चित भएको देखिएकाले त्यस्ता लाभग्राहीहरुलाई अनुदानको बाँकी किस्ता रकम २०७८ कात्तिक मसान्त सम्ममा उपलव्ध गराउने निर्णय गरे मुताबिक निजहरुलाई निम्नानुसार निजी आवास अनुदान रकम उपलव्ध गराउने निर्णय गरियो :-

निर्माण भईसकेका निजी आवासहरु निर्धारित मापदण्ड बमोजिम सुधार गर्नुपर्ने भनि सम्बन्धित प्राविधिकले गरेको सिफारिश र सो वमोजिम सुधार गर्ने सम्बन्धित लाभग्राहीको अनुसूची २ बमोजिमको कबुलियतनामा भएकालाई अनुसूची ३ को आधारमा सम्बन्धित जि.आ.का.ई. निकायले अनुदानको बाँकी किस्ता भुक्तानी गर्ने ।

नि.सचिव

# अनुसूची २

## प्राविधिक मापण्ड अनुसार नबनेका घरहरुलाई मापदण्ड अनुसार बनाउने कबूलियतनामा

मिति : २०७८/    /

श्रीमान् वडा अध्यक्ष ज्यू,

................................ गाउँ/नगरपालिका,

वडा नं ....., ................................................

............................ ।

**बिषय : कबुलियतनामा सम्बन्धमा ।**

.................................... जिल्ला ............................................ नगरपालिका/गाउँपालिका,वडा नं , गाउँ/टोल.................................. बस्ने म ........................................ (अनुदान सम्झौता नं. ......................................) ले घरको **जग तह / छाना बन्धन सम्म निर्माण / घर निर्माण सम्पन्न** गरी निजी आवास पुनर्निर्माण अनुदानको दोस्रो / तेस्रो किस्ता लिनका लागि पहिलो / दोस्रो प्राविधिक निरीक्षणका लागि निवेदन दिएकोमा प्राविधिकबाट घरको निरीक्षण हुँदा निर्माणमा मापदण्ड पालना हुन नसकेको भनि प्राविधिकको प्रतिवेदन रहेको कारणले मैले हालसम्म अनुदानको दोस्रो / तेस्रो किस्ता पाउन सकेको छैन । मेरो आर्थिक हैसियतका कारण प्राविधिकको सुझाव अनुसारको सुधार कार्य समेत रकम अभावमा गर्न नसकेकाले बाँकी अनुदानको किस्ता लिई सकेपछी प्राविधिकको सुझाव अनुसार घरमा आवश्यक सुधार गरी निर्माण सम्पन्न गरेपश्चात मात्र निर्माण सम्पन्नताको प्रमाणपत्रका लागि सम्बन्धीत निकायमा दावी गर्ने छु । अनुदान लिई सके पश्चात पनि घरमा आवश्यक सुधार कार्य नगरी सुरक्षीत नबनाएमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र स्थानीय तहले तोकेको कार्वाही भोग्न तयार रहेको छु भनि यो कबुलियतनामा गर्दछु ।

हस्ताक्षर : ..................................................

लाभाग्राहीको नाम थर : ..................................................

अनुदान सम्झौता नं. : ..................................................

नागरिकता प्रमाणपत्र नं : ..................................................................

मोबाइल नं. :......................................................

**प्राविधिकले भर्नुपर्ने विवरण :**

| क.सं. | मापदण्ड अनुसार नहुनुको कारण(हरु) | सुधारको उपाय(हरु) |
|---|---|---|
| | | |
| | | |
| | | |

**प्राबिधिकको बिबरण**

नाम :.....................................

हस्ताक्षर :.....................................

पद :.....................................

मिति : ०७८/    /

सिफारिशकर्ता (सम्बन्धित वडा अध्यक्ष):

हस्ताक्षर : ......................................

नाम थर : ......................................

पद : ......................................

मिति : ०७८/  /

नि. सचिव

# अनुसूची ३

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरवार, काठमाण्डौं

## लाभग्राहीहरुले घर निर्माण सम्पन्न गरेका तर प्राविधिक मापदण्ड पुरा नगर्ने घरहरुको अनुदान सिफारिश फाराम

जिल्लाः गा.पा./न.पा.: वडा नं.:

| सि.नं | लाभग्राहीको नाम, थर | लाभग्राहीको संझौता क्रम संख्या | हालको ठेगाना | | | | अनुदान संझौता मिति | हालसम्म लिएको अनुदानको किस्ता | घर निर्माण सम्पन्न मिति | पुर्ननिर्माण सम्पन्न घरमा लाभग्राही वसोवास गरिरहेको छ/छैन | प्राविधक मापदण्ड पुरा नहुनुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | गा.पा./न.पा. | वडा नं | टोल/वस्ती | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |

कुल लाभग्राहीको संख्याः

| तयार गरी पेश गर्ने (फिल्ड ईन्जिनियर) | वडा अध्यक्षको सिफारिश | स्थानीय तहको अध्यक्ष वा प्रमुखको सिफारिश | जि.आ.का.ई (भ.अ.) को सिफारिश | जि.आ.का.ई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) को सिफारिश |
|---|---|---|---|---|
| नाम, थरः | नाम थरः | नाम थरः | नाम, थरः | नाम, थरः |
| पदः | हस्ताक्षरः | हस्ताक्षरः | पद | पद |
| हस्ताक्षरः | मितिः | मितिः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | | | मितिः | मितिः |

नि. सचिव

निर्णय नं. ३

अन्यत्र बसोबासयोग्य घर नभएको भनी सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित भई आए बमोजिम तथ्यांक विश्लेषण गर्दा तालिका -१ मा उल्लेख भए बमोजिम १२ जना गुनासोकर्ताहरुलाई पुनर्निर्माण लाभग्राही, ४ जना गुनासोकर्ताहरुलाई प्रवलीकरण लाभग्राही र ७ जना गुनासोकर्ताहरुलाई गैरलाभग्राही कायम गर्ने ।

**तालिका- १**

स्थानीय तहबाट अन्यत्र बसोबासयोग्य घर नभएको प्रमाणित भई आएका व्यक्तिहरुको विवरण

(HIOP)

| सिनं. | जिल्ला | पुनर्निर्माण लाभग्राही | प्रबलीकरण लाभग्राही | गैरलाभग्राही | जम्मा |
|---|---|---|---|---|---|
| १ | रामेछाप | १२ जना | ४ जना | ७ जना | २३ |
| जम्मा | | १२ | ४ | ७ | २३ |

नि. **सचिव**